सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प. सं.कृ.वि.शा.२०७९/०८० मिति २०७९।०६।०५

सूचना । सूचना ॥ सूचना ॥।

## कृषि विकास शाखा, सिद्धार्थनगर नगरपालिकाको कृषि कार्यक्रम सम्बन्धी जरुरी सूचना

यस कार्यालयको आ.व. २०७९/०८० कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रथम तथा दोस्रो चौमासिकमा संचालन हुने तपसिल बमोजिमको कार्यक्रम रहेकोले सेवा लिनका लागि यस सि.न.पा. अन्तर्गतका इच्छुक सेवाग्राहीले सुचना प्रकाशन भएको मितिले २० दिनभित्र आफुलाई चाहिने कार्यक्रम वा सेवा ,आ-आफ्नो कृषक समुह वा व्यक्तिगत कृषकहरुले माग सहित वडाकार्यालयको सिफारिस पत्र,नागरिकता,जग्गा लालपुर्जा साथ कार्यालय समयमा कृषि विकास शाखामा माग निवेदन सहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| कार्यक्रम | लक्षित सेवाग्राही | न्युनतम मापदण्ड | विशेषता |
|---|---|---|---|
| गँहुको मुल तथा उन्नत बीउ वितरण (५० प्रतिशत अनुदानमा) | समस्त इच्छुक गँहुखेती गर्ने कृषक एवं कृषक समुहहरु | ५० प्रतिशत अनुदान | हाल प्रचालितमा रहेका नयाँ उन्नतको बीउ मागको साथै लागतको ५० प्रतिशत रकम पनि संकलन गर्नपर्ने हुन्छ । |
| तोरीको बीउ वितरण ( ५० प्रतिशत अनुदानमा) | समस्त इच्छुक तोरीको खेती गर्ने गर्ने कृषक तथा कृषक समुहहरु | ५० प्रतिशत अनुदान | मागको साथै लागतको ५० प्रतिशत रकम पनि संकलन गर्नपर्ने हुन्छ । |
| कन्ये च्याउ बिउमा अनुदान (७५ प्रतिशत अनुदानमा) | समस्त इच्छुक ब्यवसायिक च्याउ खेती गर्ने कृषक तथा कृषक सममुहहरु | ७५ प्रतिशत अनुदान | मागको साथै लागतको ७५ प्रतिशत रकम पनि संकलन गर्नपर्ने हुन्छ र आफ्नो छरछिमेकमा च्याउ खेती गर्न तथा अरु कृषकहरुलाई च्याउ खेती प्रति जागुरुक गर्नपर्ने हुन्छ । |
| बिभिन्न किसिमका तालिमहरु संचालन कार्यक्रम | समुहका कृषकहरु बरेसाबारी कौसी खेती खाद्यन्न ,तरकारी,च्याउ,कम्पोष्ट मल तथा घरेलु बिषादी आदि सम्बन्धि | कृषकहरुको माग तथा समुह,पकेट क्षेत्रको आधारमा | आफ्नो छरछिमेकमा तालिममा सिकेको उन्नत प्रबिधि, उन्नत बीउ प्रयोग , खाद्यन्न ,ताजा तरकारी च्याउ उत्पादन गर्ने प्रबिधि आदि बारे जागुरुक गर्नपर्ने हुन्छ । |
| तरकारी बीउको मिनिकीट शत्प्रतिशत अनुदानमा वितरण कार्यक्रम | समस्त ताजा तरकारी उत्पादन गर्न इच्छुक कृषकहरु | शत प्रतिशत अनुदान | आफ्नो छरछिमेकमा तरकारी खेती गरी ताजा तरकारी उत्पादन गर्न जागुरुक गर्नपर्ने हुन्छ । |
| तरकारी खाद्यन्न बाली प्याकेज प्रदर्शन वितरण अनुदानमा | उन्नत प्रबिधि तथा उन्नत बीउप्रयोग गरि तरकारी उत्पादन गर्न इच्छुक कृषकहरु | शत प्रतिशत अनुदान (केही कृषकलाई मात्रा ) | आफ्नो छरछिमेकमा उन्नत प्रबिधिमा तथा उन्नत बीउ प्रयोग गरी ताजा तरकारी उत्पादन गर्न जागुरुक गर्नपर्ने हुन्छ । |

६।६।६

...क कुमार सनाल
...अधिकृत (आठौं)

# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं पशु से.खा. २०७९।०८०
च.नं

मिति २०७९।०६।०५

### सिद्धार्थनगर नगरपालिका पशु सेवा शाखासँग सम्बन्धि सूचना ।

सिद्धार्थनगर नगरपालिका अन्तरगत पशुसेवा शाखाको आ.व.२०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार शत्प्रतिशत अनुदानमा घाँसको बीउ वितरण कार्यक्रम ( हिउँदे/बर्षे /बहुबर्षे) अन्तरगत प्रथम चौमासिकमा बर्सिम, जैं र मलाई ( दुग्ध) घांस तथा शत्प्रतिशत अनुदानमा मिनिरल सप्लीमेन्ट र भिटामीन वितरण हुने भएकोले आफुसंग भएको फार्म दर्ता प्रमाण पत्र, नागरिकता प्रमाण पत्र,पशु संख्या विवरण सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र तथा आवश्यक बीउ माग निवेदन संलग्न गरी सिद्धार्थनगर नगरपालिका कृषि तथा पशुसेवा शाखामा मिति २०७८।०६।२० गते भित्र पेश गर्नुहुन जानकारी को लागि अनुरोध गरिन्छ ।

साथै थप जानकारीको लागि सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ,कृषि तथा पशुसेवा शाखा भैरहवा,रुपन्देही मो. ९८४७४५१६५८ नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

७९।६।५

विवेक कुमार खनाल
वरिष्ठ अधिकृत (आठौं)

E:\Animal shakha\Suchana.docx

नगर सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# आवेदन पत्रको ढाँचा

मिति : २०७९/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सिद्धार्थनगर नगरपालिकाको कार्यालय भैरहवा ,रुपन्देही ।

बिषय : कृषि कार्यक्रम वा सामाग्री माग सम्बन्धमा ।

महोदय,

प्रस्तुत बिषयमा तहाँ सिद्धार्थनगर नगरपालिकाको कार्यालयबाट मिति २०७९/०६/०५ गतेको प्रकाशित सुचना अनुसार कृषि तथा पशुसेव शाखाद्धारा संचालित कार्यक्रमहरुका लागि तपसिल अनुसारका कार्यक्रम,घाँसको बीउ,मिनिलर सप्लिमेन्ट,भिटामिन विउबिजन,विरुवा,कृषि सामाग्रीहरुको उपलब्ध गराईदिनुहुन यसै आवेदन पत्र साथ आवश्यक कागजात तथा अन्य विवरण सहित पेश गरेको झुठा ठहरेमा प्रचलित ऐन कानुन बमोजिम सहने ब्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं ।

तपसिल

| क्र.सं. | कार्यक्रम ,विवरण नाम | माग गरेको कृषि तथा पशुसेवासँग सम्बन्धित सामाग्री/बीउविजन | खेती लगाउने क्षेत्रफल र घाँसको बीउ ,बाली | माग गरेको कार्यक्रम नाम/संख्या/के.जी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

निवेदकको नाम :..................

पद:..................................

दस्तखत:.........................

समुह/संस्थाको नाम:...................................

ठेगाना:...........................................

फोन नं. :...................................

संस्थाको छाप :